वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### बालेनको बचपना

काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) साह दिनानुदिन चर्चामा छन् । चियादेखि चुल्हो र सहरदेखि सञ्जालसम्मै छाएका देखिन्छन् । सञ्जालमा उनले लेखेको एक स्टाटसले देशविदेशका नेपालीमाझ तरंग ल्याउँछ । मेयरमा निर्वाचित भएको सुरुआती दिनहरूमा दवंग शैलीमा सडकमा उत्रेर वाहवाही कमाएका बालेन अहिले नीतिगत कारबाहीमा उत्रिएका छन् । कहीँकतै आफूलाई चित्त नबुझे नीतिगत तगारो लगाइहाल्ने उनको नीतिको समर्थन उस्तै छ । तर, पछिल्ला दिनहरूमा उनीमाथि पनि कानुनी प्रश्नहरू उठ्न थालेका छन् ।

पानीमाथिको ओभानो हुन खोज्दा अप्ठेरो स्थिति पनि सिर्जना भएको छ । पछिल्लोपटक नेपाल नागरिक उड्डयन प्रधिकरणको तारबार काटेका कारण सातदिने स्पष्टीकरण सोधेपछि उनी अदालत गुहार्न पुगे । उनी अदालतको ढोका ढक्ढक्याउन पुग्नुअघि नै चलचित्र संघ न्याय माग्दै अदालतभित्र पसिसकेको थियो । पहिलोलाई प्राथमिकता भनेझैं अदालतले हलहरूमा हिन्दी फिल्म चलाउन दिनू भन्दै आदेश दिएको मात्रै के थियो, बालेन उफ्रिहाले । आफूले कुनै पनि अवस्थामा काठमाडौं महानगरमा हिन्दी फिल्म चल्न नदिने र अदालतको आदेश नमान्ने उद्घोष सञ्जालको एक स्टाटसमार्फत उनले गरे ।

बालेनको उक्त स्टाटसको पक्ष र विपक्षमा बहस जारी छ । संविधानविद्हरूले अदालतकै अपहेलनामा बालेन उत्रिनु सुहाउँदो नभएको बताएका छन् । न्यायको सर्वोच्चता भएको देशमा अदालतको आदेश मान्दिन भन्नु आफैंमा विरोधाभाषपूर्ण कुरा हो । कानुन पालना गराउनका लागि अभिभावकको भूमिका निभाउनुपर्ने ठाउँमा बसेर अदालतको निर्णयमाथि प्रश्न उठाउनु आफैंमा मूर्खता हो । बालेनले असन्तुष्टि जनाउन सक्थे । अर्को कुरा अदालतको विश्वास नै नलागेको हो भने न्याय पाउँ भन्दै स्पष्टीकरण रोक्न रिट हाल्न जान हुन्थेन । तर बालेनले 'आफ्नै हात जगन्नाथ' को शैलीमा न्यायको सिद्धान्तमाथि दोहोरो चरित्र देखाएका छन् ।

उच्च अदालत पाटनको आदेश नमान्नु उनको एउटा बचपना त हो । त्यसो त हलमा फिल्म चल्न दिने/नदिने अधिकारको विषय पनि विवादित बनिरहेको छ । अर्को कुरा बाहिरी देशका फिल्म चलाउनु एक कूटनीतिक विषय पनि हो । भारतीयले हेप्छन् भनेर बनेका नेपाली फिल्महरू भारतमा निर्वाध चलाउन पाइरहेको बेला बालेनको यो केटौलेपन ठीक देखिन्न । उनको राम्रो काममा जनताको साथ छ नै, तर अदालतको आदेश नै मान्दिन भन्ने उनको बचपना भने आलोचनायोग्य छ । अतः बालेन सच्चिनुको विकल्प छैन ।

## मननयोग्य

### चाणक्य नीति

यो सुनी वैद्यका हात काम्न थाले । मुख डरले पहेंलो भयो । उनले आफ्नो मृत्यू साक्षत् खडा भएको देख्न लागे । कथा डरने पहली भयो आफ्नो मृत्यु साक्षात् बडाएको देख्न लागे ।

वैद्यको यस्तो हालत चाणक्यले देखी तुरुन्तै परिस्थिति बुझे । चन्द्रगुप्तसँग भने-'देख्नुभयो राजा ! यो षडयन्त्र तपाईंलाई सपनामा पनि जानकारी थिएन होला । तर मलाई सन्देह भयो । त्यसबेला जुनबेला वैथने सबै सेवक बाहिर पठाए । किनकि, आफूले चाहेअनुसार औषधिमा विष बाहिर पियाउन तयार गर्न सकियोस तर यिनले यो पनि बिर्सिए चाणक्य पूर्णतः चैतन्य अवस्थामा छ ।'

राजवैद्यले बुझे अब बाँच्ने कुनै उपाय छैन । बन्दी भई कारागारको यातना जो सोच्दै थिए शरीरमा कम्पन आयो अनि त्यो विषको प्याला (भाँडा) एकै सासमा पिई आफ्नो प्राणको अन्त्य गरे । यसरी राक्षसको डरलाग्दो षड्यन्त्र चाणक्यका सजगताले समाप्त हुनगयो ।

सुख, दुःख, जय पराजय समुद्रका तरजस्तै हुन्छन् । दुःखपछि सुख, सुख दुख जान्छ जसले पराजयबाट साहस छोडी बस्छ त्यो मृतप्रायः हुन्छ । युद्ध हतियारबाट मात्र गरिदैन बुद्धि, विवेक, साहस, धैर्य आदिका नेतृत्व जितिन्छ ।

टा...ढा, सहर सीमाभन्दा धेरै टाढा सुनसान जंगलको प्राकृतिक गुफामा आफ्ना विश्वस्त साथीसहित राक्षस विचारमा मग्न थिए । विषयवस्तु अत्यन्तै गोपनीय थियो व्याकुलताले साथीका चेहरातिर हेरिरहेथे । त्यतिबेलै कुनै एक गुप्तचर आइ वैद्यको असफलता र मृत्युको समाचार सुनायो ।

राक्षसले लामो निःस्वास लिंदै भने- 'लाग्छ प्रकृति ने अनुकूल छैन त्यसैले सम्पूर्ण उपाय विफल हुँदैछन् ।

... तर मेरो हृदयाग्नि चाणक्यलाई भष्म नगरी शान्त हुन सक्तैन । म आफ्ना मालिकको हत्याको बदला अवश्य लिन्छु' अनि अर्कै गुप्तचर आइपुग्यो, उसबाट थाहा भयो । आगामी पूर्णिमामा कौमुदी महोत्सवका साथै विधिपूर्वक चन्द्रगुप्तको राज्याभिषेक हुनेछ । त्यो अत्यन्तै विशाल हुन्छ, जसमा राजाका अधीनमा रहेका राजाहरू र सामन्तहरू, उच्चपदाधिकारी, प्रतिष्ठित नागरिकका तर्फबाट उपहार दिइन्छ । क्रमशः

# आत्मनिर्भरताका लागि बढ्दो जनआवाज



पदम श्रेष्ठ

> वास्तवमा हामीलाई छिमेकी, विदेशीले सहयोग दियो भन्दैमा जे पनि जस्तो पनि स्वीकार्दै जानु हुँदैन भन्ने विश्वास बढेको पाइन्छ देशमा । विदेशीले निःशुल्क अस्पताल बनाइदिन्छ, औषधि बनाउने सीप वा प्रविधि दिँदैन । सडक बनाइदिन्छ, गाडी दिन्छ तर आत्मनिर्भर बन्ने प्रविधि दिँदैन । बरू उल्टै अस्पतालमा औषधि, सडकमा उनीहरूको प्रविधि, सामग्री अनिवार्य प्रयोग गर्न बाध्य पार्दछ । त्यसैले यसका लागि अबको राजनीतिक नेतृत्वले आत्मनिर्भर हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति अवलम्बन गर्न जरूरी छ ।

जो विद्यार्थी शिक्षकको कुटाइ खाँदै पढेको हुन्छ, ऊ पनि कुटेरै पढाउने संस्कारका शिक्षक बन्दछन् । त्यसैगरी गुलामीबाट ग्रसित छिमेकी राष्ट्रले पनि जबजब नेपाललगायत छिमेकी मुलुकमाथि आपतविपद् आइपर्छ तबतब अनेक तरहले भाँजो हाल्ने, आफ्नो पकडमा राखिराख्न अनैतिक गतिविधि गने गर्दछ ।

छिमेकीको प्रभावमा परेका केही सञ्चारकर्मी र स्वदेशी दलाल नेताहरू पनि ठान्छन्- नेपालीले रगत पसिना एक गरी कमाएर किनेको इन्धन पनि दयामा विदेशीले भिखमा दिएका हुन् । भूकम्पले जर्जर अवस्थामा पुगेको नेपालमा नेपालीका महान पर्व दसैं तिहारको मुखैमा नाकाबन्दी गराएर होस् वा छिमेकीले चाहेकै जस्तो संविधान जारी नगरेकै आधारमा नेपालीलाई सत्रुले जस्तो दुःख दिएका थिए ।

साढे आठ वर्षसम्म बन्न नसकेको गणतान्त्रिक संविधान जारी हुँदा आदिकालदेखि स्वतन्त्र सार्वभौम राष्ट्रले छिमेकीको आदेशअनुरूपको संशोधन जारी गरेन भनेर दलाल नेताहरूलाई सदन र सडकमा खटाएर सकेको जति दुःख दिने कार्य नेपालमा भएको मुटुमा किलाले घोपेजस्तो अनुभूति गरेका थिए नेपालीले । विडम्बनापूर्ण नाकाबन्दीले कुटपिट गरेरै पढाउने शिक्षकको चरित्रलाई उजागर त गरेको थियो नै हुँदाहुँदा विश्वव्यापी कोरोनाको महामारीबाट थलिएकै बेलामा लिम्पियाधुराबाट नेपाललाई नै बेवास्ता गरी तिव्बतको मानसरोवर पुग्ने बाटो बनाउने कूकृत्य अर्को विडम्बना बन्यो छिमेकीको ।

तर, नेपाली नेतृत्वले आफूलाई टोक्न आयो भन्दैमा त्यसैलाई टोक्न जानुभन्दा सुरक्षाका वैकल्पिक उपाय अवलम्बन गर्नुपर्थ्यो, जुन सोच नेतृत्वमा अझै पनि देखिएको छैन । इन्धन, नुन र पदसँग पानी, घाँटी र इज्जत साट्दै देशलाई वर्वाद बनाउन तल्लीन नेतृत्वकै कारण आज छिमेकीले हेप्न सकेको हो । उल्टै जनमानसमा हीनता छर्दै दुई ढुंगाको तरुल, दुई ठूला रुखबीचको सानो बिरुवाले कसरी उठ्न सक्ला र ? भन्दै हातोत्साही बनाउने र महँगी एकपछि अर्को गर्दै थप्दै जाने कार्य गर्ने गरेको पाइन्छ नेतृत्वले ।

तर, हामी दुई ढुंगाबीचको हिरा हौं भन्ने सत्यलाई चाहिँ छायामा पार्दै लगिनुको परिणाम पनि जनमानसमा दरिद्र मानसिकताले स्थान ओगट्न सकेको हो । अबको हाम्रो लक्ष्य बरु देश १०० वर्ष पछाडि फर्किए फर्कियोस् अबको नेतृत्वले देश विकास स्वदेशी श्रम, सीप र प्रविधिको जगमा अगाडि बढ्नुको विकल्प छैन । आज एउटा देशले दुःख दियो भनेर अर्को देशको भरमा जान्छौं भोलि त्यो देशले पनि सधैं साथ दिइरहन्छ भन्ने त निश्चित छैन । आफ्नो स्वार्थ पूरा नभएपछि उसले जुन हर्क पनि गर्नसक्छ भन्ने देखाइसकेको छ ।

वास्तवमा हामीलाई छिमेकी, विदेशीले सहयोग दियो भन्दैमा जे पनि जस्तो पनि स्वीकार्दै जानु हुँदैन भन्ने विश्वास बढेको पाइन्छ देशमा । विदेशीले निःशुल्क अस्पताल बनाइदिन्छ, औषधि बनाउने सीप वा प्रविधि दिँदैन । सडक बनाइदिन्छ, गाडी दिन्छ तर आत्मनिर्भर बन्ने प्रविधि दिँदैन । बरु उल्टै अस्पतालमा औषधि, सडकमा उनीहरूको प्रविधि, सामग्री अनिवार्य प्रयोग गर्न बाध्य पार्दछ । त्यसैले यसका लागि अबको राजनीतिक नेतृत्वले आत्मनिर्भर हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति अवलम्बन गर्नुपर्ने सुझाव विज्ञहरूको छ ।

#### स्पष्ट राष्ट्रिय नीति

विशेषगरी पानी, इन्धन, खानी, वन, जडीबुटी र परराष्ट्रसम्बन्धी राष्ट्रिय नीति स्पष्ट बन्नुपर्दछ । जल, जमिन, जंगल जडीबुटी र जनशक्तिलाई कसरी राष्ट्रको हितमा सदुपयोग गर्ने स्पष्ट दीर्घकालीन खाका तयार गर्नुपर्दछ । तर, नेतृत्व वर्ग पद र पैसाका लागि जे पनि गर्न तम्सने कारण देश वर्वाद हुँदै गइरहेको छ । देशभित्र राष्ट्रिय पुँजीपतिको संरक्षण हुनुपर्‍यो भनी आवाज उठ्छ तर जनताको संसद्का नेताहरूले विदेशी पुँजीको संरक्षण गर्ने सम्झौता पारित गर्छ । देशवासी भन्छ- विदेशीसँग जनताको संसद्ले जे निर्णय गर्छ त्यसको दस्तावेज जनतामा सार्वजनिक गरियोस् । तर राजनेताहरू सुटुक्कै अमेरिका, भारत, युरोपियन युनियनसँग एमसिसी, एसपिपीजस्ता सम्झौता गर्छन् ।

जब दाताले नेताहरूसँग हिसाबकिताब माग गर्छ तबतब पार्टीभित्रका नेताहरूबीचमै पोलापोल गर्दै सात पुस्ते गालीगलौजमा उत्रने गरेका छन् । समाधानका उपाय र स्पष्ट राष्ट्रिय नीति भने निर्क्योल गर्दैनन् । यो हाम्रो देशले भोगिरहेको जटिल समस्या हो । 'वयँतयगु देशय् क्वँय जात्रा' अर्थात् 'बहुलाहाको देशमा हड्डीको जात्रा कतिञ्जेलको नाटक' आज जनजनको प्रश्न बनेको छ ।

#### देशभित्र उत्पादन नहुने इन्धन प्रयोग कम गर्ने

देशभित्र उत्पादन नहुने इन्धनमात्र होइन, कुनै पनि खाने लगाउने र प्रयोग गर्ने सामग्री सकेसम्म कम प्रयोग गर्ने, गराउने । यसका लागि बहुसंख्यक जनताको पहुँच पुग्ने ठूलठूला सवारीसाधनमात्र सार्वजनिक सवारीसाधनका रूपमा सञ्चालन गर्ने गर्नुपर्दछ । बरु स-साना सवारी टयाक्सी, निजी कार, मोटरसाइकलको ठाउँमा टोलैपिच्छे न्यूनतम शुल्कमा सार्वजनिक एम्बुलेन्स राख्ने, साइकल, ब्याट्रीबाट चल्ने सवारीसाधन, रिक्सा, ठाउँअनुसार टाँगा, घोडा, खच्चड, वैलगाडा आदि प्रयोग गर्न सकिन्छ । खाने कुरामा पनि जुम्ला, मुस्ताङको स्याउ भनौं वा फर्पिङको नासपाति, सिन्धुलीको जुनार भनौं वा लालबन्दीको गोलभेडासम्म देशभित्र उत्पादित अन्न, फलफूल, तरकारी भएसम्म बाहिरबाट आउने सामग्रीलाई रोक्ने नीति अवलम्बन गर्दै लैजान जनआवाज व्यापक बन्दै जान थालेको छ ।

#### वैकल्पिक इन्धनको प्रयोग

खाना पकाउन वा अन्य कार्यमा वैकल्पिक इन्धन सौर्य ऊर्जा/वायु ऊर्जा, कौसी बार्दली भएकाले सुधारिएको चुल्हो, भुसे चुल्हो, चार्कोल आदि इन्धन प्रवर्द्धनका लागि वडा, गाउँ वा नगरपालिकास्तरीय कार्ययोजना ल्याउनुपर्ने जनआवाज पाइन्छ । स्थानीय सहभागितामा जति सक्छ, छिटो स-साना बिजुलीका स्रोत निकाल्दै जाने, यदि ठूलठूला हाइड्रोपावर निकाल्ने हो भने देशवासीलाई नै सेयर आह्वान गर्ने अन्यथा बढी फाइदा आफ्नो देशलाई जसले दिन्छ, उसैलाई निर्माणको जिम्मा लगाउने गर्नुपर्दछ ।

#### भू-उपयोग नीति लागू गर्ने

खाद्यमा आत्मनिर्भरताका लागि भू-उपयोग नीतिअन्तर्गत जमिन खाली राख्न नपाइने नीति देशभर तत्काल लागू गर्नुपर्छ । खेतीयोग्य जमिनमा घर बनाउन नपाइने नीति कार्यान्वयन गर्दै सरकारले कृषकलाई समयमा नै मल, बीउ र सिँचाइको प्रबन्ध गरिदिने नीति ल्याउन सके खाद्य अभावबाट देशलाई विदेशीको गुलाम बन्नुपर्ने स्थिति आउँदैनथ्यो ।

कृषि प्रणालीमा पनि ट्र्याक्टर, आधुनिक कृषि औजारको प्रयोग गर्ने गराउने र जमिनलाई सदुपयोगवादको सिद्धान्तअनुसार खेर गइरहेको जमिनमा सरकार वा स्थानीय तहबाटै कृषि मजदुर राखी खेती गराउने गर्न सके थुप्रै बेरोजगारहरूलाई रोजगार दिनसक्नुका साथै जमिन भएकालाई खेतीमा प्रोत्साहित गर्न सकिन्थ्यो । बाँझो जमिन खेती किसानी गरेर खान पाइने तर जसको जोत उसको पोत, किनबेच आदि गर्न नपाइने नीति अवलम्बन गर्न पाए सुनमाथि सुगन्ध हुने थियो भन्नेहरू छन्, देशमा ।

#### पर्यटन र हस्तकला उद्योगमा विशेष ध्यान

थोरै लगानीमा कम जोखिमको उद्योग पर्यटन नै हो भने पर्यटकका लागिमात्र होइन कि पर्यटन उद्योगमा भाषा, धर्म, संस्कृति अध्ययन गर्न हस्तकला उद्योगले ठूलो भूमिका खेल्दछ । अझ धार्मिक तथा सांस्कृतिक पर्यटकलाई व्यापकता दिनसके आर्थिकमात्र होइन, भावनात्मक सम्बन्ध सुधारमासमेत योगदान पुर्‍याउन सहज हुने देखिन्छ । यसका लागि काठमाडौं उपत्यकाका सम्पदाहरू, भगवान बुद्धको जन्मस्थल लुम्बिनी कपिलवस्तु, जनक जानकीको आदर्शनगर जनकपुर, चितवन, बर्दिया, कोशी राष्ट्रिय निकुञ्ज, विश्वको सर्वोच्च शिखर सगरमाथा हेर्न, चुम्न र दर्शन गर्न आउने स्वदेशी वा विदेशी पर्यटकहरू बढ्दो संख्यामा छन् । पर्यटकलाई स्वदेशी उत्पादित खाद्यपरिकार खुवाउने अभियान नै चलाउनुपर्छ ।

जसरी सगरमाथा चढ्न सफल, पुग्नमात्र सक्नेको पनि विश्वमा ठूलो इज्जत गरिन्छ त्यसैगरी भगवान बुद्धको जन्मस्थल लुम्बिनी, कपिलवस्तु, राष्ट्रदेव पशुपति, स्वयम्भू, बौद्ध, चाँगुलगायतका धार्मिक सम्पदाको दर्शन गरी फर्कने पर्यटकहरूलाई एउटा शान्तिदूत वा त्यस्तै कुनै एक विभूषणबाट सम्मान गर्ने कि भन्ने प्रस्तावहरू पनि छन् ।

#### सिमाना बन्दै गर्दा उचित

सुरुमा नेपाली बजारलाई परजीवीकरण गर्दै विनारोकतोक सामग्री उपलब्ध गराउने अनि जनमानस 'स्वादे जिब्रे, अल्छी तीघ्रे' हुँदै जान थालेपछि एक्कासि सीमानाका बन्द गरिदिने वा विविध समस्या तेर्स्याएर प्रताडित गर्ने कूसंस्कार नै बनाएका छन् विदेशीहरूले । खुला सिमानाका कारण अवैध धन्दा चलाउनेहरूको पनि विगविगी बढ्दो छ, त्यसैले खुला सिमानामाथि प्रतिबन्ध लगाई देशलाई आवश्यक सामग्री मात्र आयात गर्ने अन्यथा स्वदेशी श्रम, सीप र प्रविधि प्रयोग गरी देशभित्रै उत्पादनमा लाग्नुपर्ने आजको माग पनि हो । जबसम्म हामी 'यसले नगरे उसले गर्छ' भन्ने परजीवीमुखी स्वभाव कायम राखिरहन्छौं तबसम्म हामीले रगत पसिना एक गरी कमाएको पैसा विदेशीले उत्पादन गरेका 'रिजेक्टेड' सामग्री पाउनमै व्यतीत भइरहनुपर्ने निश्चित छ ।

#### दीर्घकालीन राष्ट्रिय सोचको अभाव

दीर्घकालीन राष्ट्रिय नीति नहुँदा देशभित्र उत्पादितभन्दा आयातीत सात गुणा बढ्दो संख्याले अर्थतन्त्र भयावह बन्दै गइरहेको तथ्य सार्वजनिक भएको छ । देशभित्र उत्पादन नहुने आयात छ खर्ब ९४ अर्ब २० करोड रूपैयाँको हुने तथ्यांकमा छ भने त्यसको तुलनामा निर्यात ७७ अर्ब ७४ करोड रूपैयाँको मात्र हुनुले देशको व्यापार घाटाको भयावहको स्थितिलाई छर्लंग पारिदिएको छ ।

भन्सार विभागको तथ्यंकअनुसार खाद्यसामग्री मात्र वर्षको एक खर्ब २७ अर्ब रूपैयाँको आयात गर्छन् भने देशमा खपत हुने राँगाको मासु मात्र ११ अर्ब ४९ करोड ७५ लाख रूपैयाँको आयात गरिन्छ । जबसम्म हामी परजीवीमुखी स्वभाव कायम राखिरहन्छौं तबसम्म हामीले रगत पसिना एक गरी कमाएको पैसा विदेशीले उत्पादन गरेका 'रिजेक्टेड' सामग्री पाउनमै व्यतीत भरहनुपर्ने निश्चित छ ।

एकातिर देशभित्र रोजगार नपाएर बर्सेनि लाखौं युवाहरू विदेश जानुपर्ने बाध्यता छ भने अर्कोतर्फ विदेशबाट कमाएर पठाएको रेमिटयान्सको पैसा खर्चगरी विदेशबाट उत्पादित अन्नलगायतका सामग्री किनेर देशवासीले खानु, लाउनुपर्ने बाध्यता छ, वर्तमान सरकारले यसलाई कसरी व्यवस्थापन गर्ने तत्काल कार्ययोजना ल्याउनुपर्ने जनआवाज व्यापक बन्दै गएको छ । यसलाई सम्बोधन गर्नेतर्फ नेतृत्वको ध्यान जान जरुरी छ ।

## पत्र-मञ्जुषा

### आशंकाको घेरामा दाहाल सरकार

अहिले बजारमा बहस चलेको छ कि पुष्पकमल दाहाललाई अब प्रधानमन्त्रीको पदमा बस्न दिनुहुँदैन । उनले न नाजुक भएको अर्थतन्त्रलाई सुधार्न सक्छन् न भारतले गरेको कार्यको विरोध गर्न सक्छन् । नवनिर्मित भारतीय संसद्को काठमा कुँदिएको 'अखण्ड भारत'को नक्सामा नेपालको कपिलवस्तु र लुम्बिनी समेटिएको छ । तर पनि उनले त्यसको प्रतिवाद गर्न सकेका छैनन् । छिमेकी मुलुक भारत र चीनले नेपालको जमिन मिचिरहेका छन् । यद्यपि, उनले ती जमिन फिर्ता ल्याउनका लागि कुनै कदम चालेका छैनन् । छिमेकीहरूले जेसुकै गरे पनि उनी मौन छन् ।

उनलाई जसरी हुन्छ, आफ्नो पद जोगाउनको मात्र चिन्ता छ । उनी प्रधानमन्त्री भएको छ महिना बितिसकेको छ । तर, जनताका लागि उनले कुनै पनि काम गरेनन् । बैंकमा देखिएको तरलता यथावत् नै छ । सहकारीपीडितहरू न्यायको माग गर्दै निरन्तर आन्दोलन गरिरहेका छन् । बजारमा व्यापक आर्थिक मन्दी देखिएको छ । मूल्यवृद्धिले जनताको ढाड सेकिएको छ । तथापि, यी क्षेत्रमा कुनै सुधार आएको छैन । प्रधानमन्त्री दाहाल दाउरासुरुवाल लगाएर टाउको हल्लाउनेबाहेक अन्य कुनै काम नै गर्दैनन् । बरु मुलुकलाई खाडलमा हाल्ने निर्णय गरेका छन् ।

उनले गत वैशाख ५ गते मन्त्रिपरिषद्को बैठकबाट जग्गाको कित्ताकाट खोल्ने निर्णय गरे । राजस्वको लाभ देखाएर जग्गाको कित्ताकाट खोलियो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले खेतीयोग्य जमिन बचाउनका लागि गरेको निर्णय उनले उल्टाइदिए । खेतीयोग्य जमिन भएन भने मुलुकमा खाद्यसंकट लाग्छ भनेर देउवा नेतृत्वको सरकारले २०७९ जेठ ९ गतेको मन्त्रिपरिषद्को बैठकले कित्ताकाट रोक्न निर्णय गर्‍यो । उब्जनी हुने जग्गा सबै प्लानिङ गरेर सकेपछि देशमा भोकमरी लाग्छ भन्दै कित्ताकाट रोकियो । अन्नविना जनता बाँच्न सक्दैनन् ।

सबै जग्गामा घर बनाएपछि जनताले के खाने ? कहाँ उब्जनी गर्ने ? भोलि केही कारणबस भारतले खाद्यान्नको निर्यात रोकिदियो भने नेपाली त भोकभोकै मर्छन् भनेर देउवा सरकारले त्यो निर्णय गरेको हो । खाद्यान्नमा आत्मनिर्भर भयो भने मात्र मुलुक बलियो हुन्छ भन्ने कुरा दाहाल सरकारले बुझ्नेन । हतारोमा कित्ताकाट खोलियो । यता, जग्गाको वर्गीकरण गर्ने भनिएको थियो । सरकारले कित्ताकाट खोल्ने निर्णय गरेसँगै वर्गीकरण नहुने भयो । जग्गालाई १० वर्षमा वर्गीकरण गर्न निर्देशन दिँदै तत्कालीन भूमिसुधारमन्त्री शशी श्रेष्ठले २०७९ जेठ २७ गते सबै स्थानीय सरकारलाई परिपत्र गरिन् ।

मंसिर २३ गतेभित्र जग्गाको वर्गीकरण गरेर मन्त्रालय पठाउन उनले स्थानीय तहलाई निर्देश गरेकी थिइन् । ७५३ स्थानीय तहमध्ये १६० भन्दा बढीले तोकिएको समयमा जग्गाको वर्गीकरण गरिसकेको थियो । अन्यले धमाधम वर्गीकरण गरिरहेका थिए । तर, सरकारले कित्ताकाट खोलेसँगै स्थानीय तहको मिहेनत 'बालुवामा पानी हालेसरह' भएको छ । प्रधानमन्त्री दाहाल र भूमिसुधारमन्त्री रञ्जिता श्रेष्ठले जग्गा माफियाहरूसँग मोटो आर्थिक चलखेल गरेर कित्ताकाट खोलेको स्पष्ट छ । जग्गा माफियाहरूलाई जनतासँग कुनै सरोकार छैन ।

उनीहरूलाई महँगोमा जमिन बेच्न पाइन्छ कि पाइँदैन भन्नेमात्र छ । मुलुकको ९० प्रतिशत खेतीयोग्य जमिन घर र बाटो गर्दागर्दै सकिसकेको छ । बाँकी भएको १० प्रतिशत पनि प्लानिङ गरेर बेच्ने हो भने जनताले के खान्छन् ? यहाँ त गम्भीर खाद्यसंकट निम्तिन्छ । अन्य मुलुकले एक साताका लागिमात्र खाद्यान्नको निर्यात रोकिदियो भने यहाँ भोकमरी लाग्छ । नेपालीहरू सबै रोजगारीका लागि विदेशमा छन् । तिनका परिवारसमेत काठमाडौंमा छन् । गाउँमा भएको अलिकति जग्गा जमिनसमेत बाँझो छ । एक जनाले विदेशमा गएर कमाउने, १० जनाले यहाँ बसीबसी खाने प्रवृत्ति हामीकहाँ छ ।

नेपाल खाद्यान्नमा आत्मनिर्भर नभएको फाइदा भारतले उठाउँदै आएको छ । हामीले जे गरे पनि यिनीहरू हाम्रोसामु झुक्नैपर्छ भन्ने सोच भारतमा छ । बजारमा मन्दी छायो, मुलुक डामाडोल भयो भनेर अहिले जोकोही गुनासो गरिरहेको भेटिन्छन् । जति नै मन्दी छाए पनि सबैलाई खानु त पर्‍यो !

सरकारले खेतीयोग्य जमिनमा घर बनाउन नदिने, जमिन बाँझो राख्न नदिनेलगायतका निर्णय गर्नुपर्छ । खाद्यान्नमा मुलुकलाई आत्मनिर्भर बनाउनुपर्‍यो । वित्तीय संस्थालाई घरजग्गामा होइन, उद्योगमा लगानी गर्न प्रोत्साहन गर्नुपर्‍यो । बाहिरबाट गरिने खाद्यान्न आयातमा रोक लगाउनुपर्‍यो । मुलुकमा उब्जनी भएका खाद्यान्नलाई बजारीकरण गर्नुपर्‍यो । यति भयो भने हाम्रो देशको पैसा हाम्रै देशमा बस्छ । अनिमात्र देश समृद्ध बन्छ ।

*– अनुसा थापा, भक्तपुर*

#### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# प्रभाव दैनिक

रूपशाला

शुक्रबार, ८ असार २०८० (Friday, June 23, 2023)


## टक शो ल्याउँदै हिमेश

एक समय निकै चर्चित थिए 'कमेडी च्याम्पियन' विजेता हिमेश पन्त । अहिले उनी गुमनाम जस्तै छन् । आखिर के गर्दैछन् पछिल्लो समय हिमेश ? अहिले केही सातामै एक टेलिभिजन 'टक शो' ल्याउने तयारीमा आफू जुटेको पन्तले बताए । 'म एक दुई साताभित्र एक टेलिभिजन 'टक शो' तयारीमा छु', उनले भने 'अहिले शो आइसक्थ्यो । प्राइम टेलिभिजनबाट नभएर अर्को टेलिभिजनबाट ल्याउन लागेको कारण ढिलो भयो ।' 'टक शो'को टेलिभिजन बाहेक सबै कुरो फिम्स भए पनि नाम पनि राख्न बाँकी छ । 'स्क्रिप्ट कन्सेफ सबै रेडी छ । नाम र टेलिभिजन जुराएर शो छिट्टै ल्याउँछु' हिमेशले भने ।



# म भाग्यमानी निर्माता : वाग्ले



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता सरोज खनालको निर्देशनमा तयार भएको नेपाली चलचित्र 'बगान' असार २९ बाट प्रदर्शन हुँदै छ । अभिनेत्री करिश्मा मानन्धरलाई एकल महिलाको रूपमा चित्रण गरिएको चलचित्रमा एकल महिलाका इच्छा, चाहना, उनलाई परिवारले गर्ने व्यवहारसहितका विषयलाई प्रस्तुत गरिएको छ । यसलाई गीतकार सुरेश वाग्लेले निर्माण गरेका हुन् । यसै चलचित्रमार्फत निर्देशनमा कलाकार सरोज खनाल डेब्यु गर्दैछन् ।

'सरोज दाई अमेरिका आएको समयमा हाम्रो सहकार्य गर्ने योजना बनेको थियो । म नेपाल आएपछि उहाँले सुनाउनु भएको कथामा कन्भिन्स भएँ', गीतकार वाग्लेले भने, 'गीतसंगीतसँगै सामाजिक विषयलाई चलचित्रको ठुलो पर्दाको माध्यमले दर्शकसम्म पुर्याउने कुरामा म सहमत भएँ । सरोज दाई निर्देशनमा डेब्यु गर्ने र करिश्मा दिदी निर्मात्रीमा रहने भएपछि म पनि निर्माताको रूपमा डेब्यु गरे ।'

आफ्नो निर्माण रहेको चलचित्रमार्फत अनुभवी कलाकार सरोज खनालले डेब्यु गर्नु सुखद रहनुका साथै आफू भाग्यमानी निर्माता रहेको बताए । 'सर्जक भएकाले सामजिक दायित्व बहन गरेर कथा रोजेका हौं । यो कथा र यसमा देखाईएको भावनालाई परिवारले महसुस गर्नु जरुरी छ । यसले सकारात्मक पक्षलाई प्रसार गर्न मदत गर्छ', निर्माता सुरेशले भने ।

यसमा एकल महिलाको भूमिकामा प्रस्तुत करिश्माले आफ्नो न्यायोचित भूमिका रहेको बताउदै आएकी छिन् । 'मैले चाहेको भूमिका गर्न पाएकी छु । यसलाई दर्शकले सम्भिmने पात्रको रूपमा तयार गरेकी छु', करिश्माले भनिन् ।

चलचित्रमा सरोज खनाल, करिश्मा मानन्धर, आकाश श्रेष्ठ, नव अभिनेत्री प्रमिला कार्की, नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मालगायतका कलाकारले अभिनय गरेका छन् । स्वप्न नीरवको कथामा आधारित रहि बनेको यो चलचित्रमा नेपाली वेबसाइट डटकमको प्रस्तुती रहेको छ ।

कार्यकारी निर्माता विनोद मानन्धर रहेका चलचित्रमा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन, अर्जुन जिसी, राजेश शाह र सन्देश शाहको सम्पादन, समिर मियाँको भि.एफ.एक्स. तथा रेनिश फागोको कलर करेक्शन रहेको छ । ब्याकराउन्ड स्कोर सुजिल कर्माचार्य र साउन्ड मिक्सिंग मुकेश शाहको रहेको छ ।

यो चलचित्र नेपाल र अमेरिकासहित नेपालीको बसोबास रहने विभिन्न देशहरूमा फिल्म प्रदर्शन गर्ने योजनामा निर्माण टिम छ । 'बगान'को वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौं उपत्यका र बाहिर एफडी कम्पनीले गर्दैछ ।

रिच इन्टरटेन्मेन्टका करण श्रेष्ठले पारिवारिक चलचित्र रहेको जानकारी दिए । "सरोज दाईको डेब्यु निर्देशन रहेको चलचित्र वितरण गर्न पाउनु हाम्रो लागि गौरवको कुरा हो । किनकि उहाँ कलाकारितामार्फत नै चिनुनु भयो र अहिले आफूलाई निर्देशकको रूपमा प्रस्तुत गर्दै हुनुहुन्छ", वितरक श्रेष्ठले भने ।

# दोहोरी व्यवसायीलाई लाइसेन्स

■ प्रभाव संवाददाता




**काठमाडौं–** उपत्यकाका २२ भन्दा बढी लोक दोहोरी व्यवसायीहरूलाई गीत संगीतको सार्वजनिक प्रयोग गर्नका लागि अनुमति पत्र (लाइसेन्स) प्रदान गरिएको छ ।

नेपाल प्रतिलिपि अधिकार कार्यालय र संगीत तथा चलचित्र उत्पादक समाज नेपालले लोकदोहोरी व्यवसायीहरूसँग 'प्रतिलिपि अधिकार कानून कार्यान्वयन तथा लोक दोहोरी साँझ रेष्टुरेन्टको सार्वजनिक प्रयोग वापतको संगीत रोयल्टी' विषयक अन्तरक्रियामा उनीहरूलाई अनुमति पत्र प्रदान गरिएको हो ।

अनुमति पत्र पाउनेहरूमा गाउँले रोधी घर, डाँडा घरे रोधी एण्ड क्लब, सुस्केरा दोहोरी साँझ, यानिमाया रोधी क्लब, मधुवन रोधी घर एण्ड सुनार हाउस, माईली रोधी घ र, सोल्टीनी रोधी नाच घर, सालैजो दोहोरी साँझ, गाउँ बेशी दोहोरी साँझ, निलकमल दोहोरी साँझ छन् ।

त्यस्तै जुनतारा दोहोरी एण्ड लाउन्ज, मुर्छाना दोहोरी साँझ, डाँफे रोधी घर, इन्द्रेणी रोधी क्लब एण्ड डिस्को, टप राजधानी दोहोरी साँझ, संगीतमाला रोधी घर, जुनकिरी रोधी नाचघर, नौ डाँडा दोहोरी साँझ, बासुरी दोहोरी साँझ र देउराली रोधी घरले पनि अनुमति पत्र लिएका छन् ।

संगीत तथा चलचित्र उत्पादक समाज नेपालका अध्यक्ष सूर्यबहादुर मगरले प्रतिलिपि अधिकार ऐन २०५९ को दफा ३९ तथा नियमावली २०६१ को दफा १० बमोजिम लोकदोहोरी साँझहरूलाई सामूहिक रोयल्टी व्यवस्थापन समूहहरू र दोहोरी साँझसँगको सम्झौता बमोजिम गीत संगीतको सार्वजनिक रूपमा प्रयोग गर्न अनुमति प्रदान गरिएको बताए । 'यो अनुमति पत्र प्राप्त गरेपछि सम्बन्धित संस्थाले अनिवार्य रूपमा देखिने गरी राख्नुपर्नेछ', उनले भने ।

कार्यक्रममा संस्कृति महाशाखा प्रमुख डा. सुरेश श्रेष्ठ, प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका निमित्ति रजिष्ट्रार उत्तम दवाडी, पुर्व रजिष्ट्रार बिसुकुमार केसी, सुरेश अधिकारी, निर्णय श्रेष्ठ महेश खड्का, मिलन मोक्तान र प्रहरी वृतका प्रमुखहरूले रोयल्टी बारेमा बोलेका थिए ।

# शाहरूख र आइनको बयान लिँदै सिबिआई

■ एजेन्सी



**मुम्बई–** अभिनेता शाहरूख खानका छोरा आइनसँग जोडिएको लागुऔषध लागूको अनुसन्धान गरिरहेको नारकोटिक्स कन्ट्रोल ब्यूरोका जोनल निर्देशक समीर वानखेडेको तनाव कम हुने संकेत अझै देखिएको छैन ।

समीरमाथि पैसाको आडमा आइनलाई जबरजस्ती लागुऔषध मामलामा फँसाएको आरोप छ । उनीमाथि लागुऔषध लागूमा घुस र जबरजस्ती असुलीको आरोप पनि छ ।

अब भने सिबिआईले यो लागूलाई अगाडि बढाउनका लागि शाहरूख र आइनलाई बयान लिने तयारी गरिरहेको छ । सिबिआईले चाँडै नै आइनको बयान लिँदैछ । आइनपछि उसले शाहरूखको बयान लिनेछ । वानखेडेको इशारामा आरोपी किरण गोसावी र सेनविल डिजुसाले शाहरूखसँग २५ करोड मागेको आरोप छ । जबरजस्ती असुलीको यो योजनाको तहसम्म पुग्नका लागि बयान दर्ता गराउनुपर्ने आवश्यकता देखिएको छ ।

सिबिआईले आइनलाई कोर्डेलिया क्रुज मादक पदार्थ मामलामा नफसाउनका लागि शाहरूखसँग २५ करोड घुस मागेको आरोपमा वानखेडे र अन्य चारविरुद्ध ११ मेमा लागू दर्ता गराएको थियो । भ्रष्टाचारको आरोपमा घेरिएका समीरमाथि शाहरूखकी मेनेजर पूजा दलानीले आफूहरूसँग घुस मागेको बयान दिएपछि समीर संकटमा परेका हुन् । आइनलाई कोर्डेलिया क्रूज ड्रग्स मामलाबाट बचाउनका लागि १८ करोडमा डील फाइनल भएको थियो ।

जसमा ५० लाख रूपैंयाँ टोकन मनीका रूपमा दिइएको थियो । यो डिलको कुरा साक्षी प्रभाकर सेलले पनि आफ्नो अन्तिम बयानमा भनेका थिए । प्रभाकरले सन् २०२१ मा आइनलाई छुटाउनका लागि एनसीबीका एक अधिकारी र गवाह गोसावीसमेतका मानिसले २५ करोड रूपैंयाँ घुस मागेको दाबी गरेका थिए । प्रभाकरको हाल निधन भइसकेको छ ।

## रंगशाला

### विश्वकप छनोट

# नेपाल पराजित

**काठमाडौं (प्रस)–** विश्वकप छनोट अन्तर्गतको दोस्रो खेलमा नेपालले बलियो टोली वेस्ट इन्डिजसँग पराजय ब्यहोरेको छ । कप्तान शाई होप र निकोलस पुरनको उत्कृष्ट शतकको सहयोगमा वेस्ट इन्डिजले नेपाललाई हराएको हो ।

जिम्बावेमा जारी आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगिताको आफ्नो तेस्रो खेलमा नेपाल १ सय १ रनको फराकिलो अन्तरले पराजित भएको हो । टस हारेर ब्याटिङ गरेको वेस्ट इन्डिजले दिएको ३ सय ४० रनको लक्ष्य पछ्याएको नेपालले ४९ दशमलव ४ ओभरमा अलआउट हुदै २ सय ३८ रन मात्र बनायो ।

नेपालका लागि आरिफ शेखले ९३ बलमा ४ चौका र १ छक्काको सहयोगमा ६३ रनको अर्धशतकीय ईनिङ खेलेर आउट भए । नेपालका ओपनर आसिफ शेख र भीम सार्कीले दोस्रो विकेटका लागि १६ बलमा १८ रनको साझेदारी गरेका थिए । गुलसन ५८ बलमा ५ चौका र १ छक्काको सहयोगमा ४२ रन बनाउँदै आउट भए ।

कप्तान रोहित पौडेलले ४३ बलमा ३ चौकाको सहयोगमा ३० रन बनाए । ओपनर आसिफ शेखले ३६ बलमा २८ रन बनाए । करण केसीले २७ बलमा ४ चौका र १ छक्काको सहयोगमा २८ रन बनाए । वेस्ट इन्डिजका लागि जेसन होल्डरले ३ तथा अल्जारी जोसेफ, किमो पल र अकिल होसेनले समान २/२ विकेट लिए । कायल मेयर्सको नाममा १ विकेट रह्यो ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर ३ सय ३९ रन बनाएको थियो । वेस्ट इन्डिजका लागि शाई होप र निकोलस पुरनले शतकीय ईनिङ खेले । कप्तान शाई होपले १ सय २९ बलमा १० चौका र ३ छक्काको सहयोगमा १ सय ३२ रन बनाए ।

नेपालले सुरुआत गर्दै ५५ रन बनाउँदा ३ विकेट लिइसकेको थियो तर त्यसपछि चौथो विकेटका लागि कप्तान शाई होप र निकोलस पुरनले १ सय ७२ बलमा २ सय १६ रनको दोहोरो शतकीय साझेदारी गरेका थिए । पुरन ९४ बलमा १० चौका र ४ छक्काको सहयोगमा १ सय १५ रन बनाउँदै दीपेन्द्रसिंह ऐरीको बलमा आउट भए ।

पुरनले दुई पटक जीवनदान पाएका थिए । पहिलो पटक ललितको बलमा विकेटकिपर आसिफ शेखले एज लागेको बल क्याच मिस गरेका थिए । दोस्रो पटक पनि आसिफले नै करण केसीको बलमा क्याच मिस गरेका थिए । त्यस्तै रोभमन पावलले १४ बलमा २९ रन बनाउँदै पावेल ललितनारायण राजवंशीको बलमा आउट भएका थिए ।

नेपालका लागि ललितनारायण राजवंशीले ३ तथा करण केसी, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने र गुल्सन झाले समान १/१ विकेट लिए । दुई खेलमा अपराजित वेस्ट इन्डिज ४ अंकका साथ समूह ए को शीर्ष स्थानमा उक्लिएको छ । हारसँगै २ अंक रहेको नेपाल चौथो स्थानमा झरेको छ । नेपालले समूह चरणको अन्तिम खेलमा शनिबार नेदरल्यान्ड्ससँग खेल्नेछ । सुपर सिक्समा स्थान बनाउन नेपालले नेदरल्यान्ड्सविरुद्धको खेल जित्नै पर्ने हुन्छ । र, सोमबारको खेलमा नेदरल्यान्ड्स वेस्ट इन्डिजसँग पराजित हुनुपर्नेछ ।


## Dudhauli Municipality
### Office of the Municipal Executive
**Dudhauli-09 , Sindhuli**

**INVITATION FOR THE BIDS**

**Date of publication: June 23rd, 2023 (2080/03/08)**

1. Dudhauli Municipality, Office of the Municipal Executive invites sealed bids from eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope and Single Stage Single Envelope Bidding procedures.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs.) | Bid Document Price (NRs.) | Average annual construction turnover | Work Experience | Last date of Bid Purchase | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 23/NCB/WORKS/ DMUN/079/080 | Construction of Municipal Office Building-II | 25,00,000/- | 5,000.00/- | 6,30,00,000/- | Similar works of 5,10,00,000/- | 2080-04-08 On or before 12:00 Noons | 2080-04-08 On or before 12:00 Noons |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dudhauli Municipality Office, Dudhauli-09, Sindhuli, Email: dudhaulinp@gmail.com, Phone no. +977-047/412045, 047-412051 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp. A complete set of Bidding Documents may be Downloaded and submit their bid electronically as mentioned below or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Sanchit Kosh (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank** :- Nepal Bank Limited, Dudhauli Branch, Sindhuli
**Name of Office** :- Dudhauli Municipality, Office of Municiple Executive
**Office Code no.** :- 801032502
**Inland Revenue Account no (for Cost of Bidding document)** :-25203000001001000001
**Dharauti Account no (for Bid Security) Deposit account** :- 25203000003000000001.

4. Pre-bid meeting shall be held dated 2080-03-26 @14:00 Hours at Dudhauli Municipality Office.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 2080/04/08 (July 24th, 2023) at the office of Dudhauli Municipality, Dudhauli-09, Sindhuli. Bids must be valid for a period of 90 (Ninety) after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid in Dharauti Account as stated above. 6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Dudhauli Municipality Office, Dudhauli, Sindhuli, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of above Projects reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Dudhauli Municipality Office, Dudhauli, Sindhuli.
9. Hard Copy of Bid should not be obtained or submitted to Dudhauli Municipality Office.

**Chief Administrative Officer**

# अपराधीको आश्रयस्थल नबन्न अमेरिकालाई चीनको अनुरोध

**बेइजिङ–** चीनले अमेरिकालाई आफ्नो अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्न र अपराधीको सुरक्षित आश्रयस्थलमा परिणत हुनबाट रोक्न आग्रह गरेको छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले बुधबार आयोजित नियमित पत्रकार सम्मेलनमा दुई चिनियाँ नागरिकलाई अमेरिकामा मंगलबार सजाय दिइएको र जबरजस्ती चीन फिर्ता पठाएको बारेका जिज्ञासा राख्दा उक्त टिप्पणी गरेका हुन् ।

'सीमापार अपराधविरुद्ध लड्न, भ्रष्ट भगौडालाई स्वदेश फिर्ता गर्ने र गैरकानुनी आम्दानीलाई नियन्त्रणलगायतका विषय अन्तर्राष्ट्रिय समुदायले व्यापकरूपमा मान्यता दिएको विषय हो र यो न्यायोचित पनि हो,' माओले भने ।

विश्वका कुनै पनि देशसँग चीनको कानुन प्रवर्तन सहयोग अन्य देशको कानुन र न्यायिक सार्वभौमसत्ताको पूर्णसम्मान गर्दै, अपराधी संदिग्ध व्यक्तिको कानुनी अधिकार र हितको रक्षा गर्ने प्रतिबद्धताका साथ अन्तर्राष्ट्रिय कानुनको कडाइका साथ सञ्चालन गरिने पनि माओले प्रतिबद्धता व्याक्त गरेका छन् ।

'सम्बन्धित कार्य पूर्णतया न्यायोचित छ। अर्कोतर्फ अमेरिकाले तथ्यहरूलाई बेवास्ता गर्ने गरेको छ, जानाजानी चीनको प्रयासलाई भयावह चीजको रूपमा विकृत गरेको छ र न्यायिक कारबाही पनि फरक ढंगले गरेको छ । चीन यसको कडा विरोध गर्दछ,' माओले भनेका छन् ।

उनले अमेरिकालाई आफ्नो गल्ती तुरुन्त सच्याउन, अन्तर्राष्ट्रिय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघ महासन्धि, भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघ महासन्धि र अन्य अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत आफ्नो दायित्व पूरा गर्न आग्रह गरेको छ । साथै, आफ्नो अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्न पनि उनले अमेरिकाको ध्यानाकर्षण गरेका छन् । *रासस/सिन्ह्वा*

# 'भारत–अमेरिका साझेदारी विश्वव्यापी वृद्धिका लागि चालु इञ्जिन'

भर्जिनिया- भारत र संयुक्त राज्य अमेरिकाबीचको साझेदारीले दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालु इन्जिनको रूपमा काम गर्ने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बताएका छन् ।

अमेरिकाको भ्रमणमा रहेका प्रधानमन्त्री मोदीले बुधबार नेसनल साइन्स फाउन्डेसनमा 'भविष्यका लागि सीप' कार्यक्रमलाई सम्बोधन गर्दै सो टिप्पणी गरेका हुन् । प्रधानमन्त्री मोदीले दुई देशबीचको बढ्दो गतिलाई कायम राख्न प्रतिभाको व्यवस्थापन र आदानप्रदानको आवश्यकतामा जोड दिएका छन् ।

'विकासको गतिलाई कायम राख्न भारत र अमेरिकालाई प्रतिभाको पाइपलाइन आवश्यक छ । एकातिर अमेरिकासँग उच्चस्तरीय शैक्षिक संस्था र उन्नत प्रविधि छन्, अर्कातर्फ भारतमा विश्वको सबैभन्दा ठूलो युवा कारखाना छ । त्यसैले मलाई विश्वास छ- भारत-अमेरिका साझेदारी दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालु इञ्जिन सावित हुनेछ,' प्रधानमन्त्री मोदीले भने ।

यसअघि बुधबार वासिङ्टन डिसी पुगेका प्रधानमन्त्री मोदीलाई एयरबेसमा औपचारिक स्वागतका साथै गार्ड अफ अनर दिइएको छ ।

प्रथम महिला जिल बाइडेनको साथमा प्रधानमन्त्री मोदीले भर्जिनियाको अलेक्जान्ड्रियामा रहेको नेसनल साइन्स फाउन्डेसनको भ्रमण गरेका हुन् । सो अवसरमा उनीहरूले महत्त्वपूर्ण उद्योगमा सफल पार्नका लागि सान्दर्भिक सीप हासिल गरिरहेका दुवै देशका विद्यार्थीसँग कुराकानी गरेका थिए । सो अन्तरक्रियामा नयाँ शिक्षा नीति लागू गर्ने, शिक्षा र सीपलाई एकीकृत गर्ने जस्ता विद्यार्थीको उज्ज्वल भविष्य सुरक्षित गर्न भारत सरकारले गरेका पहलमाथि प्रकाश पारिएको थियो । *रासस/एएनआइ*

# श्रीलंकाको मूल्यवृद्धि २२ प्रतिशतमा झर्‍यो

**कोलम्बो–** श्रीलंकाको मुद्रास्फीति (मूल्यवृद्धि) मे महिनामा २२.१ प्रतिशतमा झरेको छ । राष्ट्रिय उपभोक्ता मूल्य सूचकांकमा आधारित श्रीलंकाको मुद्रास्फीति २२.१ प्रतिशतमा झरेको जनगणना तथा तथ्यांक विभागले बुधबार सार्वजनिक गरेको छ ।

एनसिपिआइका अनुसार अप्रिलको मुद्रास्फीति ३३.६ प्रतिशत थियो । खाद्य श्रेणीको मुद्रास्फीति अप्रिलमा २७.१ प्रतिशतको तुलनामा मे महिनामा १५.८ प्रतिशतमा झरेको छ ।

गैरखाद्य समूहको मुद्रास्फीति वैशाखमा ३९ प्रतिशतबाट घटेर मे महिनामा २७.६ प्रतिशतमा पुगेको छ ।

श्रीलंकाको केन्द्रीय बैंकले अनुमानित गिरावटको मुद्रास्फीति प्रवृत्ति सन् २०२३ सम्म जारी रहने अपेक्षा गरेको छ । सन् २०२३ को अन्त्यसम्ममा एकल-अंकको तथ्यांकमा प्रचलित उच्च मुद्रास्फीतिलाई ल्याउने अपेक्षा गरिएको छ । रासस/सिन्ह्वा


## रिलायान्स फाईनान्स लिमिटेडको बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति: २०८०/०३/०८)

सिन्धुपाल्चोक जिल्ला पदमपोखरी वडा नं. ९ घर भई हाल मकवानपुर जिल्ला हे.न.पा. वडा नं. ११ बस्ने चन्द्र बहादुर श्रेष्ठको छोरा उजुर बहादुर श्रेष्ठ को मिति २०८०/०२/१७ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. १०११३००००००५४६, मुद्दती खाता नं. २०१३०००००००६४८ र २०१३०००००००६६९ बन्द गरी उक्त बचत खाता र मुद्दती खातामा रहेको रकम पाउं भनी मृतककी श्रीमती नन्द कुमारी श्रेष्ठले निबेदन दिनु भएको हुदां उक्त बचत खातामा रहेको निक्षेप उपर निज बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: 01-5361104, 5323117, 5361041, 5361167
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MADINA HYPER TRADING CO.

पूर्व स्वीकृति मिति : २०७९/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०७ | LT. No. 271248 | चलानी नं. ६०१८०३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 1 | 0 | 1000 | ३४,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १५ गते (30th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com
License No. : 646/063/064



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULAZIZ ALRABIAH TRADING & CONTRACTING COMPANY (ARCO)

पूर्व स्वीकृति मिति २०८०/०३/०७ | LT. No. 288184 | चलानी नं. ६०२०३५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1300 | ४५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १५ गते (30th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

